का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ वैशाख २०८०,
मंगलबार
2 May 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ९६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



**क्रिकेट क्रेज**

एसीसी प्रिमियर कप क्रिकेट प्रतियोगिता अन्तर्गत नेपाल र यूएईबीचको फाइनल खेल वर्षाले अवरुद्ध भएपछि खेल सुचारु हुने आशामा छाता ओढेर बसेका समर्थक : तस्विर : नेपाल क्रिकेट संघ

# रास्वपा र जसपालाई अफर

सरकार विस्तारको प्रयासमा रहेका प्रधानमन्त्री प्रचण्डले जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई सरकारमा सहभागी हुन आग्रह गरेका छन् । दुवै पार्टीले राखेको माग पूरा गरेर मन्त्रालय दिन तयार रहेको पनि प्रधानमन्त्रीको अफर छ ।



मैले उहाँ (रवि लामिछाने)सँग कुरा गरिसकेको छु । सरकारलाई दिएको समर्थन फिर्ता लिनु हुन्न, बरु सरकारमा आउने बारेमा छलफल चलिरहेको छ ।

● **पुष्पकमल दाहाल 'प्रचण्ड'**
**प्रधानमन्त्री**



नेकपा एस, कांग्रेस, जसपा र हामीले पाएका मन्त्रालय मिलाएर रास्वपालाई ल्याउनुपर्ने भएकाले मन्त्रिमण्डलले पूर्णता पाउनमा केही ढिलाइ भएको हो । उपेन्द्रजी (जसपा अध्यक्ष उपेन्द्र यादव) सरकारमा आउन चाहेका छन् ।

● **महेन्द्रबहादुर शाही**
**नेता, माओवादी केन्द्र**

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १८ वैशाख ।

पुष्पकमल दाहाल नेतृत्वको सरकार आधा वर्षदेखि अपूर्ण छ । पूर्णता दिने उनको प्रयास नेपाली कांग्रेसले मन्त्री हुनेहरुको नाम नदिँदा अलमलमा परेको छ । साथसाथै उपचुनावलाई देखाएर जनता समाजवादी पार्टी (जसपा)ले नाम नदिँदा पनि प्रचण्ड नेतृत्वको सरकार पूर्ण हुन सकिरहेको छैन् ।

जसपा नेता राजेन्द्र श्रेष्ठ सरकारमा पठाउनुपर्ने नामबारे ठूलो विवाद पार्टीभित्र नरहेको बताउँछन् । प्रधानमन्त्रीले नाम माग्दा दिन सकिने उनको जवाफ छ । 'तर, प्रधानमन्त्रीले नयाँ दललाई पनि सरकारमा सहभागी गराउने प्रयास गर्दै हुनुहुन्छ । कांग्रेसले पनि नाम दिएको छैन्' श्रेष्ठले मध्यान्हसित भने । अर्थात, प्रधानमन्त्री प्रचण्डले मन्त्रीको नाम माग्दा दिने जसपाको तयारी छ ।

प्रधानमन्त्री प्रचण्ड पनि आफू सरकारलाई पूर्णता दिने प्रयासमा रहेको बताउँछन् । यसबीचमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई पनि सरकारमा सहभागी गराउने प्रधानमन्त्री प्रचण्डको तयारी छ । सोमबार मात्रै प्रधानमन्त्री प्रचण्डले जसपा र रास्वपालाई सरकारमा सहभागी हुन आग्रह गरेका छन् । दुवै पार्टीले राखेको माग अनुसार जान तयार रहेको पनि प्रधानमन्त्रीको अफर छ ।

चितवनको शिवनगरमा पत्रकारहरुसित कुरा गर्दै प्रधानमन्त्री प्रचण्डले भनेका छन्, 'मैले उहाँ(रवि लामिछाने)सँग कुरा गरिसकेको छु । सरकारलाई दिएको समर्थन फिर्ता लिनु हुन्न, बरु सरकारमा आउने बारेमा छलफल चलिरहेको छ ।'

गत आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री प्रचण्ड र लामिछानेबीच भेटघाट भएको थियो । रास्वपा सभापति लामिछानेले पहिलेकै मन्त्रालय दाबी गर्नु स्वभाविक भए पनि त्यसैमा >>> पृष्ठ २ मा

# कोइरीलाई पक्रन प्रहरीले माग्यो संसदकै सहयोग

फरार सांसद लक्ष्मी महतो कोइरीलाई पक्राउ गर्न प्रहरी प्रधान कार्यालयले संसद सचिवालयकै सहयोग माग गर्दै पत्र पठाएको हो ।



**विकास लम्साल / मध्यान्ह**
काठमाडौं, १८ वैशाख ।

नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरीलाई पक्राउ गर्न प्रहरी प्रधान कार्यालयले संघीय संसद सचिवालयकै सहयोग माग गरेको छ । जिल्ला अदालतले थुनछेक बहसपछि महतोलाई एक लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएकामा उच्च अदालत जनकपुरधामले २०७७ मंसिर १९ गते थुनामा राख्न आदेश दिएको थियो ।

तर त्यसपछि महतो फरार रहेको प्रहरीले जनाएको छ । फरार रहेकै अवस्थामा चुनाव जितेर शपथ खाएपछि संसदमा निरन्तर प्रश्न उठिरहेको छ । यही बेला फरार सांसद लक्ष्मी महतो कोइरीलाई पक्राउ गर्न प्रहरी प्रधान कार्यालयले संसद सचिवालयकै सहयोग माग गर्दै पत्र पठाएको हो ।

संसद सचिवालयका प्रवक्ता एकराम गिरीले दोस्रो पटक प्रहरी प्रधान कार्यालयको पत्र आएको बताए । यसअघि प्रहरी प्रधान कार्यालयले गत पुस ७ गते कोइरी फरार रहेको भनी संसद सचिवालयका महासचिवलाई सम्बोधन गरेर पत्र पठाएको थियो ।

प्रहरीले पहिलो पटक संघीय संसद सचिवालयलाई लेखेको पत्रमा कोइरी फरार रहेको जानकारी मात्रै थियो । यसपटक फरार रहेको जानकारीका साथै पक्राउ गर्न सहयोगका लागि समेत संसद सचिवालयलाई आग्रह गरिएको छ ।

"निज लक्ष्मी महतो सम्मानित महोत्तरी जिल्ला अदालत जलेश्वरमा हालसम्म पनि हाजिर हुन नआई फरार रहेको व्यहोरा जानकारीका लागि सादर अनुरोध गरिएको भनी जिल्ला प्रहरी कार्यालय महोत्तरीको च. नं ३६१५ मिति २०७९/०९/०७ गतेको पत्र प्राप्त भएको हुँदा २०७७/०८/१९ गते सम्मानित उच्च अदालत जनकपुरबाट भएको आदेश कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक सहयोग गरिदिने व्यवस्था हुन सादर अनुरोध गरिएको छ' डीआईजी राईले संघीय संसद सचिवालयलाई लेखेको पत्रमा भनिएको छ ।

तर, पहिलो पत्र प्रतिनिधिसभा नियमावली २०७९ बन्नु भन्दा अगाडि आएकाले नयाँ नियमावली अनुसार स्वीकार गर्न नसकिने संसद सचिवालय र सभामुख देवराज घिमिरेको भनाइ सार्वजनिक भएपछि प्रहरी प्रधान कार्यालयले कोइरी फरार रहेको जानकारीसहितको पत्र संसद सचिवालयमा पठाएको हो । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारलाई व्यवस्थित र मर्यादित गर्नुको विकल्प छैन : मन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ वैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारलाई व्यवस्थित र मर्यादित गर्नुको विकल्प नभएको बताएका छन् । अन्तर्राष्ट्रिय मजदुर दिवसका अवसरमा राष्ट्रिय समाचार समितिलाई एक अन्तर्वार्ता दिँदै मन्त्री भण्डारीले नेपालको आर्थिक गतिविधिमा वैदेशिक रोजगारीले धेरै ठूलो योगदान दिएको उल्लेख गर्दै यो क्षेत्रलाई व्यवस्थित गर्न जरुरी रहेको बताए ।

मन्त्री भण्डारीले अन्तर्वार्तामा विप्रेषणले मुलुकको समृद्धिमा ठूलो योगदान गरेकोले वैदेशिक रोजगारीबाट रकम आर्जन गर्ने मात्र होइन, यसबाट आर्जन भएको सीप, ज्ञान र प्रविधिलाई 'ट्रान्सफर' गरी मुलुकमा पुँजी प्रवाह गर्ने र त्यसका आधारमा मुलुकको विकास गर्नुपर्ने बताएका छन् ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा आवश्यकताअनुसारको श्रमिकको 'ब्राण्डिङ' गर्नुपर्ने भन्दै मन्त्री भण्डारीले अन्तर्वार्तामा भनेका छन्, 'नेपालीको आफ्नो मौलिक पहिचान, संस्कृति, संस्कार र पहिचान छ । त्यो अन्तर्राष्ट्रिरुपमा नै लोकप्रिय छ । अन्तर्राष्ट्रिय बजारमा नेपाली श्रमजीविको मर्यादा र साखलाई जोगाउने हिसाबले ब्राण्डिङ गर्ने कुरा गरेको छौं । विशेष गरी नेपालीहरु संसार भर अत्यन्त इमान्दरा, सोझा, बहादुर र शाहसी भनेर परिचित छन् । सुरक्षाको मामलामा नेपाली सुरक्षित र भरपर्दो हुन्छन् भन्ने अन्तर्राष्ट्रिय मान्यतालाई ब्राण्डिङ गरेर आवश्यकताअनुसारको सीपले अपग्रेड गर्ने तयारी गरेको छौं ।'



मन्त्री भण्डारीले रेमिट्यान्सको मात्र कुरा गरेर नहुने भन्दै नेपालले प्राप्त गर्ने रेमिट्यान्सलाई अवसरमा पनि रुपान्तरण गर्नुपर्ने र प्रविधि हस्तान्तरण र पुँजी प्रवाहका हिसाबले पनि अगाडि बढाउनुपर्ने बताए । उनले सरकारले वैदेशिक रोजगारमा पठाउने अवस्थामा परिवर्तन गरेर निजी क्षेत्रलाई जिम्मेवार बनाउनुपर्ने धारणा राखेका छन् । हाल नेपाली कामदारको ठूलो संख्या मलेसिया र खाडी मुलुकमा गइरहेको छ । मन्त्री भण्डारीले त्यसलाई परिवर्तन गर्न अन्तर्राष्ट्रिय रोजगार बजारलाई पहिचान गर्ने, नयाँ गन्तव्यको खोजी गर्ने र त्यसका लागि सीपयुक्त जनशक्ति तयार गरेर विदेश पठाउनुपर्ने बताए ।

अन्तर्वार्ता पृष्ठ ४ मा

## श्रमिक दिवस

# बेखबर मजदुर

विभिन्न राजनीतिक दलका नेताले श्रमिकको अधिकारप्रति प्रतिबद्ध रहने विज्ञप्ति जारी गर्दै आएका छन् । तर वास्तविक मजदुरका लागि ठोस काम भने गर्न नसक्दा आलोचना हुँदै आएको छ ।

हामीलाई त काम नै ठूलो छ, काम गरिएन भने घरमा चुल्हो बल्दैन, अहिलेसम्म श्रमिक दिवसको दिन ठेकेदार, साहुले बिदा दिएको पनि पत्तो छैन, आफ्नै काममा दैनिकी बितिरहेको छ ।

**वीरबहादुर लामा**
**दैनिक ज्यालादारी मजदुर**

काम नगरी खान पुग्दैन, अर्काले कमाएर देला भन्ने आश छैन, घरमा छोराछोरी, श्रीमती पाल्नै पर्‍यो, दैनिक काम नगरे खान धौ-धौ परिहाल्छ ।

**विशाल मगर**
**किराना पसलमा काम गर्ने मजदुर**

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, १८ वैशाख ।

दैनिक ज्यालादारी गरेर गुजारा गर्ने ५५ वर्षीय वीरवहादुर लामा श्रमिक दिवसबारे बेखबर छन् । बानेश्वरमा निर्माणाधीन एक घरमा मजदुरी गर्ने उनलाई मजदुर दिवसबारे चासो पनि छैन । दश वर्षको उमेरदेखि घर, सडक, भवन तथा पुल, पुलेसा, सामान ओसारपसारजस्ता विभिन्न क्षेत्रमा मजदुरी गर्दै दशकौं बिताएका उनले आजसम्म श्रमिक दिवस मनाएकै छैनन् ।

'हामीलाई त काम नै ठूलो छ, काम गरिएन भने घरमा चुल्हो बल्दैन, अहिलेसम्म श्रमिक दिवसको दिन ठेकेदार, साहुले बिदा दिएको पनि पत्तो छैन, आफ्नै काममा दैनिकी बितिरहेको छ' उनले भने ।

बानेश्वरमै किराना पसलमा काम गर्ने २४ वर्षीय विशाल मगर पनि मजदुर दिवसबारे जानकार छैनन् । उनी उक्त पसलमा भारी बोक्नेदेखि सामान ओसारपसारका सबै काम गर्छन् । 'काम नगरी खान पुग्दैन, अर्काले कमाएर देला भन्ने आश छैन, घरमा छोराछोरी, श्रीमती पाल्नै पर्‍यो, दैनिक काम नगरे खान धौं धौं परिहाल्छ' विशालले भने । विश्वका कैयौं देशमा सार्वजनिक >>> पृष्ठ २ मा

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

# मधेश प्रदेशका पत्रकारहरूले विश्व प्रेस स्वतन्त्रता दिवस चन्द्रनिगाहपुरमा मनाउने

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १८ वैशाख



मधेश प्रदेशका पत्रकारहरूले विश्व प्रेस स्वतन्त्रता दिवस चन्द्रनिगाहपुरमा मनाउने भएका छन् । मुख्यमन्त्री रामसरोज यादवको प्रमुख आतिथ्यतामा मधेश पत्रकारिता सम्मान हस्तान्तरण एवम् प्रदेश ऐन र पत्रकारिता विषयक अन्तरक्रिया कार्यक्रम हुने नेपाल पत्रकार महासंघका प्रदेश अध्यक्ष राजेशकुमार कर्णले बताए।

नेपाल पत्रकार महासंघ मधेश प्रदेश तथा रौतहट शाखाको संयुक्त आयोजनामा हुने उक्त अन्तरक्रिया कार्यक्रम प्रदेशका ८ वटै जिल्लाका अध्यक्ष तथा २ महिला पत्रकारसहित ६/६ जनाको सहभागिता हुने अध्यक्ष कर्णले बताए । विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३)को अवसर पारेर सो कार्यक्रम हुन लागेको हो । यही वैशाख २० गते बुधबार बिहान १० बजे जिल्लाको चन्द्रपुरमा रहेको होटेल अशोकामा हुने कार्यक्रममा मधेश प्रदेशका ८ वटै जिल्लाका पत्रकारहरुको सहभागिता रहनेछ।

दिवसको अवसरमा बिहान ८ बजे महासंघ रौतहटको अगुवाइमा प्रभातफेरी हुने कार्यक्रम समेत रहेको छ । जिल्लाका सबै सञ्चारकर्मीलाई चन्द्रनिगाहपुरमा हुने प्रभातफेरीमा सहभागी हुन नेपाल पत्रकार महासंघ रौतहट शाखाले अनुरोध गरेको छ । जसका लागि सम्पूर्ण तयारी पूरा भएको नेपाल पत्रकार महासंघ मधेश प्रदेशका महासचिव श्याम बन्जाराले बताए ।

कार्यक्रम हुने स्थलमा चन्द्रपुर नगर प्रमुख सञ्जय काफ्ले, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दीपेन्द्र चौहान, केन्द्रीय सदस्यद्वय शिव पुरी, केसी लामिछाने, मधेश प्रदेश महासचिव श्याम बन्जरा, जिल्ला अध्यक्ष, उपाध्यक्षसहितको टोलीले सोमबार स्थलगत अवलोकन गरेका छन् ।

## रास्वपा...

सो पार्टी नअडिने प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

सरकारको नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्रका सांसद महेन्द्र बहादुर शाही रास्वपा र जसपालाई सरकारमा ल्याउने प्रयासका कारण मन्त्रिमण्डल विस्तारमा ढिलाई हुन गएको स्वीकार गर्छन्। उपनिर्वाचन अगाडि कांग्रेसका कारण ढिलाई भए पनि यसपटक परिस्थिति बदलिएको शाहीको भनाइ रहेको छ । 'नेकपा एस, कांग्रेस, जसपा र हामीले पाएका मन्त्रालय मिलाएर रास्वपालाई पनि ल्याउनुपर्ने भएकाले मन्त्रिमण्डलले पूर्णता पाउनामा केही ढिलाई भएको हो' उनी थप्छन्, 'उपेन्द्रजी (जसपा अध्यक्ष उपेन्द्र यादव) पनि सरकारमा आउन चाहेका छन् ।'

## कोइरीलाई...

२०७२ भदौ २५ गते मधेश आन्दोलनका क्रममा सशस्त्र प्रहरी बलका प्रहरी सहायक निरीक्षक थमन बिकलाई घेरा हाली कुटपिट गरी हत्या गरेको घटनामा महतोविरुद्ध कर्तव्य ज्यान मुद्दा जिल्ला अदालत महोत्तरीमा विचाराधीन छ ।

जिल्ला अदालतले थुनछेक बहसपछि महतोलाई १ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएकोमा उच्च अदालत जनकपुरधामले २०७७ मंसिर १९ गते थुनामा राख्न आदेश दिएको थियो । तर त्यसपछि महतो फरार रहेको प्रहरीले जनाएको छ ।

प्रहरी प्रधान कार्यालयका कानुन शाखाका प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले संघीय संसद सचिवालयलाई लेखेको पत्रमा भनिएको छ, '..निज लक्ष्मी महतो मुद्दाको पुर्पक्षका लागि थुनामा बसी कारबाही प्रक्रिया अगाडि बढाउनुपर्नेमा सो कार्य नगरी तारेख गुजारी हालसम्म पनि फरार रहेको तथ्य महोत्तरी जिल्ला अदालतबाट प्राप्त पत्रबाट देखिएको ।'

प्रतिनिधिसभा नियमावली २०७९ मा कुनै पनि सांसद फरार रहेको अवस्थामा निलम्बनमा पर्ने व्यवस्था छ । नियमावलीको नियम २४८ को उपदफा ३ मा भनिएको छ, "नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पुर्पक्षको लागि थुनामा रहेकोमा त्यस्तो थुनामा रहेको अवधिभर वा अदालतको आदेश बमोजिम पुर्पक्षको लागि थुनामा बस्नुपर्नेमा त्यस्तो थुनामा नबसी फरार रहेको भएमा निजलाई सदस्यको हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुने छैन र त्यस्तो अवधिभर निज निलम्बनमा रहने र पारिश्रमिक, सेवा र सुविधा समेत स्थगित हुनेछ ।'

## श्रमिक...

बिदा नै दिएर मजदुर दिवस मनाउने गरिन्छ। तर खास मजदुरी गर्ने वर्ग भने यो दिवसबाट नेपालमै पनि बेखबर रहेका छन् ।

विशाल त प्रतिनिधि पात्र मात्रै हुन्, उपत्यकासहित देशभरका विभिन्न ठाउँमा ज्यालामजदुरी गर्ने अधिकाशं मजदुरहरु श्रमिक दिवसबारे बेखबर छन् र धेरैलाई यसबारे चासो पनि छैन । बरु उनीहरु महंगी बढेपनि ज्याला नबढेको गुनासो गर्दै आएका छन् । यद्यपि, सरकारले मजदुर वर्गलाई दिने आश्वासनको निरन्तरतामा भने यो वर्षपनि कमी आएको छैन ।

'मजदुरको काम, कर्तव्य र अधिकार स्पष्ट पार्दै सेवा शर्त र सुविधा निश्चित र वैधानिक गर्न अनुगमनकारी निकायलाई सक्रिय बनाइने प्रतिबद्धता व्यक्त गर्दछु' प्रधानमन्त्री पुष्पकमल दाहालले विज्ञप्ती जारी गर्दै भने ।

उनले आगामी आर्थिक वर्षदेखि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई अनिवार्य र कडाइका साथ लागू गर्न पहल गर्ने दाबी समेत गरेका छन् । उनीसहित विभिन्न राजनीतिक दलका नेताले पनि श्रमिकको अधिकारप्रति प्रतिबद्ध रहने विज्ञप्ती जारी गर्दै आएका छन् । तर, वास्तविक मजदुरका लागि ठोस काम भने गर्न नसक्दा तीव्र आलोचना हुँदै आएको छ ।

यता, देशभरिका पाँचतारे होटलेदेखि सानो कोठामा समेत मजदुरका विषयलाई लिएर छलफल हुँदैआएको छ । अनौपचारिक क्षेत्रमा कार्यरत मजदुर भने श्रमिक दिवस मनाईरहँदा श्रममै ब्यस्त रहन्छन् । सरकारले श्रमजीवि वर्गको हकअधिकारको विषय उठान गर्न विदा नै दिएपनि वास्तविक श्रमिकले भने न विदा पाएका छन् न कुनै सुविधा । बरु, उनीहरुले नियमित काम नगरे गुजारा नचल्ने अवस्था विद्यमान छ ।

# हिल्सा नाका सञ्चालनमा

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १८ वैशाख



हुम्लाको हिल्सा नाका सोमबारबाट सञ्चालनमा आएको छ। कोभिड १९ का कारण तीन वर्षदेखि बन्द रहेको नाका सोमबारबाट सञ्चालनमा आएको हो । नाका खुलेपछि स्थानीयवासीहरु आर्थिक अवस्थामा सुधार आउने भन्दै खुसी भएका छन्। उनीहरु रोजगारीका लागि चीनतर्फ जाने तयारी पनि गर्न थालेका छन् ।

नेपाल र चीन दुवै देशको सहमतिअनुसार नाका खोलिएको प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले जानकारी दिए। नाका खुल्ने सहमति भएपछि वैशाख १५ गतेबाट नै स्थानीयवासीलाई सीमा पार गर्ने पास दिन थालिएको पनि उनले जानकारी दिए ।

कोरोना संक्रमण फैलिएसँगै चीनसँग सीमा जोडिएका नेपालका सबै नाका बन्द भएका थिए । कोभिड संक्रमणको प्रभाव केही कम हुन थालेपछि दुवै देशको सहमतिमा नाका खोलिएको हो । नाका खुलेपछि आर्थिक चहलपहल हुने हुँदा स्थानीयवासीको आर्थिक अवस्थामा सुधार आउने विश्वास स्थानीय दिनेश सिंहको छ।

नेपालीको लागि सञ्चालनमा आएपनि हाललाई विदेशी पर्यटकको लागि नाका खोलिएको छैन । पर्यटकको लागि नाका सञ्चालनमा नआउँदा सोचेअनुरुपको आर्थिक गतिविधि भने नहुने हुम्लाका पर्यटन व्यवसायी विजय लामा बताउँछन्। उनका अनुसार सिमानामा दुईतर्फी व्यापार र मानिसको आवतजावत भएपनि पर्यटक नहुँदा होटल व्यवसायलाई भने खर्च धान्न मुस्किल हुनेछ। नाकामा पर्ने नारा लेखमा हिउँ जमिरहेको हुँदा चीनतर्फ जाने नेपालीलाई सचेत भएर हिंड्न जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले आग्रह गरेका छन् ।

### कोरोना चेकजाँचमा कडाइ

चीनसँग जोडिएको हिल्सा नाका सञ्चालनमा आए लगत्तै हिल्सामा कडाइ गरिएको छ । हिल्सा नाका पार गर्ने नेपालीहरुलाई एन्टिजेन विधिबाट परीक्षण गरेर सिमापार गर्ने नियम लगाएको छ । सोमबारमात्र १८ जनाको एन्टिजेन विधिबाट परीक्षण गरी चीनको ताक्लाकोट गएको नाम्खा गाउँपालिका याल्बाङ स्वास्थ्य चौकी इन्चार्ज लुन्डुप लामाले बताए ।

उनका अनुसार नाम्खा गाउँपालिकाले यो विधिबाट परीक्षण गरेर मात्र सीमापार गर्ने नियम लगाएपछि कडाइ गरेको इन्चार्ज लामाले बताए। दुई जनाको टोली सिमाना हिल्सामा गएर परीक्षण गरिएको छ। यो विधि लागु गरेको देखेपछि नेपाल र चीनको सीमाक्षेत्रमा बसोबास गर्ने नागरिकले कोभिडबाट केहि रुपमा जोगिने विश्वास गरिएको स्वास्थ्यकर्मी गोर्खा भण्डारीले बताए। नाम्खा गाउँपालिकाले सो क्षेत्रमा एन्टिजेन परीक्षण डेक्स सधैं राख्ने गाउँपालिकाले जनाएको छ । रोग लाग्नुभन्दा रोगको बाटो छेक्नको लागि एन्टिजेन विधि अपनाउनु परेको र उक्त विधि सात वटै गाउँपलिकाले अपनाउनुपर्ने देखिएको नाम्खा गाउँपलिका उपाध्यक्ष दक्दिर लामाले बताए। वैशाख २४ गते बाट चीनतर्फका नागरिकलाई पनि नेपालको सिमाना प्रवेश गर्ने नीतिअनुसार चीन सरकारले पनि एन्टिजेन गरेर मात्र नेपालको हिल्सासम्म आउन पाउने व्यवस्था गरेको छ ।

Government of Province
Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Road Infrastructure Development Office**
Kapilvastu

## Invitation for Sealed Quotation

*IFB No:-16/RIDOKAP/079-80* — Date of publication: 2nd May 2023 (2080-01-19)

Road Infrastructure Development Office, Kapilvastu invites electronic Sealed Quotations from eligible bidders for following works**.** All other information and Bid documents for Sealed Quotations can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.

Information to deposit the cost of bidding document (NRs. 1000) in Bank:
**Name of Bank:** Rastriya Banijya Bank Taulihawa Kapilvastu.
**Name of Office:**Road Infrastructure Development Office, Kapilvastu
**Office Code No.:** 3370149015
**Revenue Heading no.:** 14229, Revenue Account Number: 1000100200010000
Last Date of Bid Purchase and Submission: 17th May 2023 (2080-02-03)

| SN | Name of Road | Contract ID | Estimated Amount (excluding VAT) | Bid Security Amount with Validity up to 75 days |
|---|---|---|---|---|
| 1 | Budhapar Gaun Mukhaya Sadak Gosaiko ghar agadi PCC Road, Kapilvastu | RIDOKAP/10134/SQ/079-80/123 | 854,655.85 | 20,000.00 |
| 2 | Itta Kalimai Sthan Dekhi Semari Gaun PCC Road, Yasodhara 7, Kapilvastu | RIDOKAP/10134/SQ/079-80/126 | 853,949.55 | 20,000.00 |
| 3 | Thulo patkhrhawa tilku badhaiko ghardekhi Ghanshyam Chaudharyko gharsamma nali nirman kapilvastu 4 | RIDOKAP/10134/SQ/079-80/162 | 597,911.66 | 14,000.00 |
| 4 | Dangri gaunko Shrirampur samma sadak isterunnati kapilvastu 5 | RIDOKAP/10134/SQ/079-80/163 | 598,127.61 | 14,000.00 |
| 5 | Krishnanagar Na pa wada No.8 Dagarmakha gaun utwardekhi Sukharampur-Ajigara jane bato samma sadak isterunnati | RIDOKAP/10134/SQ/079-80/164 | 854,819.51 | 20,000.00 |
| 6 | Dagarmarwa gaun sadak isterunnati Krishnanagar | RIDOKAP/10134/SQ/079-80/165 | 854,641.40 | 20,000.00 |
| 7 | Jarlahiya to Kewalpur road upgradation Ka.Ba.Na.Pa. 9 | RIDOKAP/10134/SQ/079-80/166 | 1,282,439.71 | 30,000.00 |
| 8 | Hulaki hudai badasudwa samma sadak Isterunnati Bijaynagar Ga pa 5 | RIDOKAP/10134/SQ/079-80/167 | 855,110.78 | 20,000.00 |
| 9 | Bholebaba Furniture dekhi uttar Dilip pandeyko ghar dekhi Bishnu Chauhanko gharsamma sadak pcc Nirman Kapilvastu 3 | RIDOKAP/10134/SQ/079-80/168 | 854,934.91 | 20,000.00 |
| 10 | sagarmatha sa mil dekhi Santidada sadak banganga 4 | RIDOKAP/10134/SQ/079-80/169 | 769,612.34 | 18,000.00 |
| 11 | Banganga Nahar dekhi Banskhor Road, Yashodhara 8, Kapilvastu | RIDOKAP/10134/SQ/079-80/170 | 1,538,737.85 | 40,000.00 |
| 12 | Chhotakidiha Radheshyam Loharko ghar dekhi Chandrikako ghar PCC Road,Suddhodhan 1 Kapilvastu | RIDOKAP/10134/SQ/079-80/171 | 424,358.82 | 10,000.00 |
| 12 | Dumara 6 paschim Simana dekhi Madarsa Road, Kapilvastu | RIDOKAP/10134/SQ/079-80/172 | 854,803.85 | 20,000.00 |
| 14 | Suddhodhan 6 Belbhariya Bidhayalaya dekhi Narkhoriya Road, Kapilvastu | RIDOKAP/10134/SQ/079-80/173 | 1,281,242.82 | 30,000.00 |
| 15 | Suddhodhan 6 Bimiha Sukai Kalwar tole PCC Road, Kapilvastu | RIDOKAP/10134/SQ/079-80/174 | 855,063.39 | 20,000.00 |
| 16 | Suddhodhan 6 Titihiriya Bechan Yadavko ghar dekhi So Soti Chai PCC Road, Kapilvastu | RIDOKAP/10134/SQ/079-80/175 | 427,603.55 | 10,000.00 |
| 17 | Suryabaliya Badkidiha Shiv mandir dekhi Lautu Pasiko ghar hudai Basudev Ahirko ghar PCC Road,Suddhodhan 1 Kapilvastu | RIDOKAP/10134/SQ/079-80/176 | 427,150.01 | 10,000.00 |

**कतारमा रोजगार** | कम्पनी: AFAQ ALMSTAQBAL TRADING & CONTRACTING
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०६/२५ — चलानी नं.: ६०१८८९४२ — LT. No.: 273544 — पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric Tech | 3 | 0 | | 2000 | ७१,६६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख २६ गते (9 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 247/058/059
**H.R. International Employment Services Pvt. Ltd.**
(SCM MANPOWER COMPANY PVT. LTD.)
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9808750742, 9801009400, 9803473935, 9801128811, 9807756822
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

**साउदीमा रोजगारको अवसर** | कम्पनी:: MAHER ALI ABDULLAH AL JABER CONT
शहर: Saudi Arabia, RIYADH
पुर्व स्वीकृत मिति: २०७९/०२/१६ — चलानी नं.: ६०१८०४२८ — L.T. No.: 263929 — पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० बैशाख २६ गते (9 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु.१०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८१५/०६६/०६७
**INNOVATIVE**
HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.
Kupondole, Lalitpur, Tel.: Tel : 01-5180193, 01 5430829, 9851065591
9851243720 | Fax: 01-5530829, Email: innovative815@gmail.com

**UAE मा रोजगार** | कम्पनी: AL REMAIHI INTERIOR DECORATION WORKS LLC
शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७९/०२/१९ — चलानी नं.: ६०१८०२७२ — LT. No.: 264161 — पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Finishing Carpenter | 5 | 0 | स. काममा दक्ष | 1200 | ४२,६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २६ गते (9 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1394/074/075
**K.S.B. International Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal, Tel.: 01-4584933, Mo. 9866241297
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net

**मलेसियामा रोजगार** | कम्पनी: ADV PRECISION INDUSTRIES SDN.BHD
शहर: PENANG
पुर्व स्वीकृत मिति: २०८०/०१/१७ — चलानी नं.: ६०२००८६० — LT. No.: . 285384

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 80 | 0 | स. काममा दक्ष | 1500 | ४३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २६ गते (9 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**Manaslu International Services Pvt. Ltd.**
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081 , Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

# सरकार र महावीर पुनबीच सहमति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ वैशाख

सरकार र विभिन्न माग राखी धर्नामा बसेका राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनबीच सहमति भएको छ । प्रधानमन्त्रीलाई सम्बोधन गरी अध्यक्ष पुनले दिएको ज्ञापनपत्रमा उल्लिखित मागमा उपप्रधानमन्त्री तथा रक्षा, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीसँग भएको छलफल बमोजिम प्रधानमन्त्रीको निर्देशनमा सहमति भएको हो ।



सहमतिअनुसार अनुसन्धान तथा विकास, नवप्रवर्तन तथा आविष्कारसम्बन्धी कार्यहरू एकीकृत रूपमा सञ्चालन गर्न नेपाल सरकारले एउटा कोष स्थापना गर्ने र यस कोषबाट अनुसन्धान तथा विकास, नवप्रवर्तन तथा आविष्कारसम्बन्धी कार्यहरुमा लगानी गरिने भएको छ। यसैगरी कोषको व्यवस्थापन तथा सञ्चालन गर्न सङ्घीय संसद्को आउँदो अधिवेशनमा विधेयक पेश गरी पारित गर्ने र सो विधेयकको मस्यौदा सरोकारवालाको परामर्शमा आगामी ६० दिनभित्र तयार गर्ने सहमति भएको उपप्रधानमन्त्री खड्काको सचिवालयले जनाएको छ ।

आगामी आर्थिक वर्षदेखि संघीय सरकारको पूँजीगत बजेटको एक प्रतिशत रकम अनुसन्धान तथा विकास, नवप्रवर्तन तथा आविष्कार कोषमा जम्मा गर्ने, अनुसन्धान तथा विकास, नवप्रवर्तन तथा आविष्कारलाई प्रवर्द्धन गर्न आवश्यक नीतिगत, कानुनी एवं संस्थागत प्रबन्ध गर्ने र आविष्कारबाट उत्पादित वस्तु तथा सेवाहरूलाई आवश्यक पर्ने अनुमति, लाइसेन्स, दर्ता, सञ्चालन तथा दिगोपन कायम गर्ने विषयसँग सम्बन्धित कानुनमा सुधार गरी सहजीकरण गर्ने सहमति भएको छ।

मागपत्रमा उल्लिखित अन्य विषयलाई कानुन बनाउँदा ध्यान दिने र माथि उल्लिखित विषयमा दुवै पक्ष बसेर समीक्षा गर्ने तथा अध्यक्ष पुनको नेतृत्वमा भइरहेको धर्नालगायत सबै आन्दोलनका कार्यक्रम अहिले नै अन्त्य गर्ने सहमति भएको छ। सहमति पत्रमा नेपाल सरकारका तर्फबाट उपप्रधानमन्त्री खड्का र अध्यक्ष पुनले हस्ताक्षर गरेका छन् ।

**UAE मा PSBD तथा DPS Return/Fresher Security Guard हरूलाई वैदेशिक रोजगारको अवसर**

**Company : M.B.K. Security Services**

पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/११/०१/ २०७८/०८/०७ चलानी नं. ६०१९६४४५/६०१६८४६७ LT No. : 280971/251567

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 200 | 00 | काममा दक्ष | 2000 | ७१,१३५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Cleaner | 30 | 30 | | 1100 | ३९,१२४।- | | | | | | | |

**Security Guard को हकमा Basic Salary AED 2000 भएता पनि १२ घण्टा २६ दिन को AED 2770 र १२ घण्टा ३० दिन को AED 3000 हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने /रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०८० बैशाख २२ गते ( 5 May, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।**

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

EURO ASIA
Govt. Lic: 1162/073/74

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521, 9851048235
9851042984, 9860111396, Email: myeuroasiahr@gmail.com

# डोल्पामा दुई दिनदेखि हवाई सेवा अवरुद्ध



**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, १८ वैशाख

हिमाली जिल्ला डोल्पामा २ दिन देखि हवाई सेवा अवरुद्ध भएको छ । शनिबार रातिदेखि मौसम खराब हुँदा डोल्पाको हवाई सेवा अवरुद्ध भएको हो। नेपालगन्जदेखि नियमित उडान भर्ने निजी जहाजले मौसम खराबीका कारण उडान भर्न नसक्दा आफ्नो सेवा अवरुद्ध भएको जनाएका छन् ।

लगातार जिल्लाको मौसम बिग्रिँदा नेपालगन्ज र काठमाडौंदेखि डोल्पा जुफाल एयरपोर्टको लागि कुनै उडान भएको छैन । आइतबारबाट जिल्लाको मौसममा फेरबदल भई पानी परेपछि दुई दिनबाट जुफाल विमानस्थलमा नेपालगन्जदेखि यात्रुसहित कार्गो सामान आउन सकेको छैन ।

त्यस्तै डोल्पादेखि नेपालगन्ज र काठमाडौं जाने तथा नेपालगन्ज र काठमाडौंदेखि डोल्पा आवतजावत गर्ने यात्रुसहित अन्य सामग्री ढुवानी हुन नसकेको जुफाल विमानस्थलका प्रमुख अमित कुमार चौरासियाले मध्यान्हलाई बताए। नेपालगन्जबाट डोल्पाका लागि तारा, समिट र नेपाल एयरलाइन्सका जहाजले उडान भर्दै आएका छन् भने काठमाडौंदेखि समिट एयरलाइन्सले सिँधा उडान भर्दै आइरहेको छ। डोल्पाको मौसम बिग्रिएकाले नेपालगन्जबाट डोल्पाका लागि हवाई उडान नहुँदा दैनिक उपभोग्य सामग्री ढुवानी रोकिएको छ।

# निरन्तर वर्षाका कारण किसान मर्कामा

**रुकुम/मस** – निरन्तर वर्षाका कारण रुकुम पश्चिम र पूर्वका किसान मर्कामा परेका छन्। नियमित वर्षा हुँदा मकै छर्ने काम प्रभावित भएको रुकुम पूर्वका किसान हेमन्त खड्काले बताए । वर्षाकै कारण किसानका गहुँ बारिमा कुहिरहेका छन् । काटेका गहुँ कुहिएर क्षति भएको रुकुम पश्चिम बाफिकोटका किसान ठकेन्द्र केसीले बताए ।

गहुँ काटेर मकै छर्ने बेलामा लगातार वर्षा हुँदा मकै उत्पादनमा कमी आउने किसानहरु बताउँछन्। रुकुम पूर्व र पश्चिममा लगातार ३ दिनदेखि पानी परिरहेको छ ।

प्रदेश सरकार
सामाजिक बिकास मन्त्रालय

**महाकाली प्रादेशिक अस्पताल**
कन्चनपुर

**बोलपत्र प्रकाशित सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०१/१९** (2nd may 2023)

यस महाकाली प्रादेशिक अस्पतालको तपसिल बमोजिमको कार्यको लागि बोलपत्र सम्बन्धी प्रकाशित सूचनाको बिस्तृत विवरण यस कार्यालयको सूचना पाटि र http://www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा अनुरोध छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|
| 1 | MPH/NCB/Goods /2079/080- 12 | Supply, delivery, installation and commissioning of 160 KVA Generator set | ६०,०००।- | ३,०००।- | २०८०।०२।१७ गते बेलुकी ५ बजेसम्म | २०८०।०२।१८ गते १२ बजेसम्म | २०८०।०२।१८ गते दिउसो २ बजे |

**मेडिकल सुपरिन्टेण्डेण्ट**

# अफिम खेती नष्ट गरिँदै



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम, १८ वैशाख

जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले अवैध लागुऔषध (अफिम) खेतीलाई नष्ट गर्न शुरु गरेको छ। जिल्लाका विभिन्न स्थानहरुमा लगाइएको अफिम खेती फूल फुल्ने अवस्थामा रहेको बेला प्रहरीले नष्ट गर्न शुरु गरेको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका सूचना अधिकारी प्रहरी निरीक्षक कृष्णबहादुर खत्रीका अनुसार पछिल्लो पटक जिल्लाको पुथा उत्तरगंगा गाउँपालिका ५ को हुकाम क्षेत्रमा लगाइएको अफिम खेती नष्ट गरिएको छ। त्यस क्षेत्रको करिब २१० रोपनी जग्गामा लगाइएको अवैध अफिम खेती नष्ट गरिएको सूचना अधिकारी खत्रीले बताए ।

प्रहरी निरीक्षक खत्रीकै नेतृत्वमा गएको प्रहरीले अवैध अफिम खेती नष्ट गरेको हो । उनका अनुसार त्यस क्षेत्रमा छिटफुट मात्रामा रहेका अवैध खेती नष्ट गरिने छ भने जिल्लाका अन्य स्थानहरुमा लगाइएको अफिम खेती पनि नष्ट गरिने छ ।

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

**सडक पूर्वाधार विकास कार्यालय**
रूपन्देही

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति:- २०८०/०१/१९**

यस कार्यालयबाट मिति २०७९/१२/१७ गते प्रकाशित वोलपत्र आव्हान सम्वन्धी सूचनाअनुसार मिति २०८०/०१/१७ गते दिनको १३:०० वजे सम्म www.bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिम वोलपत्रदाताको बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजानिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | आयोजनाको नाम | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर सहित) रु. |
|---|---|---|---|---|
| 1 | Mahuwari Ghat (Tinau Khola) Suspension Trail Bridge Major Maintenance Mayadevi, Rupandehi | RIDORUP/RUP/144/ NCB/079/080/181 | Sapkota-Tyson J/V Siddharthanagar-9, Rupandehi | 4,341,663.12 |
| 2 | Construction of<br>i) Naagthan Path Pakki Nalla Nirman Devdah-09, Rupandehi<br>ii) Peaceland Chawok Bhaluhi maa Naali Nirman Devdaha-09, Rupandehi | RIDORUP/RUP/134/ NCB/079/080/183 | Sudarsan Construction and Suppliers (Butwal 11 Rupandehi Nepal) | 1,482,710.29 |
| 3 | Construction of<br>i) Bhangaiya Dharamshalla Dekhi Kawarsthan Jaane Baatto Gravel Kothimai-7<br>ii) Bogadi gaau ko Pachhim Hardi Bhulan Singh ko Tole Janne Sadak Kothimai-6<br>iii) Kudsar Dekhi Gonahiya Gaau SammJaane Sadak Mayadevi-5 & Kotahimai-3 | RIDORUP/RUP/134/ NCB/079/080/184 | Asad Nirman Sewa (Lu sa na pa-3 Rupandehi Nepal) | 1,805,576.72 |
| 4 | Construction of<br>i) Gohu Gaau vitra PCC works Kothimai-1<br>ii) Khadaiya Gaau maa Adhuro PCC works Kotahimai-2<br>iii) Ramnagar Gaau maa Baato Upgarading Kothimai-1<br>iv) Pakadi Darogaako Ghar Dekhi Pokhari Samm Naali & Road Upgrading,Kotahimai-02 | RIDORUP/RUP/134/ NCB/079/080/185 | Blue Ladder Construction (Lumbini cultural municipality Rupandehi Nepal) | 2,762,895.2 |
| 5 | Construction of<br>i) Loharaulibaat Danda Jane Adhuro Pitch baato Nirman Omsatiya-3,<br>ii) Road Prasauni Dashratha Janta Maa.Vi. School Samm Jane Baato Blacktop Onsatiya-4, Road,Rupandehi | RIDORUP/RUP/134/ NCB/079/080/186 | Rising Sun construction and suppliers pvt. Ltd. (Bhairawa 6 Rupandehi, Nepal) | 1,739,278.8 |

# समाजसेवी मल्लद्वारा विद्यालय र मन्दिरलाई सहयोग



**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, १८ वैशाख

डडेल्धुराका विनय प्रकाश मल्लले आफ्नो जन्मदिनको अवसरमा डडेल्धुराका ४ विद्यालय र एक धार्मिक क्षेत्रलाई ५५ हजार ५ सय ५५ रुपैयाँका दरले सहयोग गर्ने भएका छन्। मल्लको जन्म घर डडेल्धुरा भए पनि उनी हाल जापानमा बस्दै आएका छन् । उनले आफ्नो जन्मदिनको अवसरमा विद्यालय र मन्दिरलाई दान गर्ने घोषणा गरेका हुन् । उनले डडेल्धुराको नवदुर्गामा रहेको विजयासैनी मा.वि, आलितालमा रहेको उणीकोट मा.वि., भागेश्वरमा रहेको कैलपाल मा.वि. पनिउट, गन्यापधुरामा रहेको असिग्राम मा.वि. र परशुराम धाममा सहयोग गर्ने घोषणा गरेका हुन् ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१९ वैशाख २०८०, मंगलबार
2 May 2023, Tuesday

सम्पादकीय

## अधुरा प्रतिबद्धताहरु

सरकारले महावीर पुनसँग सात बुँदे सहमति गरेको छ । सरकारका तर्फबाट उपप्रधान एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पुनसँग सात बुँदे सहमति गरेका हुन् । पुन शुक्रबारदेखि राजधानीस्थित माइतीघर मण्डलामा धर्ना बसेका थिए । माग पूरा नभएसम्म माइतीघर मण्डला नछोड्नेगरी धर्नामा बसेपछि आइतबारदेखि सरकारले वार्ता थालेको थियो । दुई दिनसम्म बार्ता भएपछि पुनले सरकारसँग सात बुँदे सहमति गरेका हुन् । सहमतिपछि पुनले धर्ना तोडेका छन् । यसको बदला सरकारले आगामी आर्थिक वर्षको बजेटको एक प्रतिशत रकम अनुसन्धान तथा विकास, नवप्रवर्तन र आविष्कारका लागि विनियोजन गर्ने सहमति भएको छ । त्यो बजेट कार्यान्वयन गर्दै अनुसन्धान र आविष्कारको काम गर्न आवश्यक कानून निर्माण आगामी अधिवेशनभित्र बनाउने र ६० दिनभित्र मस्यौदा तयार पार्ने सहमति समेत भएको छ ।

यो सात बुँदे सहमतिले पुनको धर्ना तोडिएको छ । नवप्रवर्तनका क्षेत्रमा लागेकालाई सहमतिले उत्साह समेत थपेको छ । तर मुलुकको बिगत हेर्ने हो भने यो सहमतिको सफलता पुनको धर्ना तोडाउन मात्रै हुन सक्ने आशंका गर्न सकिन्छ । पुनसँग भएको सहमति बमोजिम बजेट बिनियोजन आफैमा सहज छैन । अझ संकलित राजश्वबाट चालु खर्च समेत धान्न नसकिरहेको वर्तमान अवस्थामा नवप्रवर्तन र अनुसन्धानकै क्षेत्रमा यति ठूलो रकम विनियोजन हुनेमा ढुक्क हुन सकिदैन । यदि विनियोजन हुँदा पनि त्यसका लागि आवश्यक कानून सहमति भएकै जसरी अगाडि बढ्नु लगभग चमत्कार हो । किनभने अहिलेसम्म संविधान कार्यान्वयनका लागि आवश्यक कानून समेत बनाउन नसकेको सरकारले पुनसँग भएको सहमति कार्यान्वयनमा तत्परता देखाउनेमा विश्वास गर्न कठिन छ ।

जबकी पुनले उठाएको एजेण्डा मुलुकको दीर्घकालीन हितमा छ । यदि मुलुकले अनुसन्धान र नवप्रवर्तनको क्षेत्रलाई प्राथमिकता दिने हो भने त्यसले मुलुककै परिचय बदल्न सहयोग पुग्नेछ । तर १५ वर्षसम्म शान्ति प्रक्रिया टुंग्याउनेगरी काम गर्न नसकेको र चालु खर्च समेत धान्न नसक्ने अवस्थामा सहमति कार्यान्वयन सरासर झुटो सावित हुने खतरा उत्तिकै छ । अझ वार्ता र सहमतिका बेला आँखा चिम्लेर हस्ताक्षर गर्ने अनि कार्यान्वयनतिर फिटिक्कै नदिने प्रवृत्ति पुष्टि गर्ने अनेक दृष्टान्त छन् । काठमाडौंमा धर्नामै रहेका मिटरब्याज पीडितदेखि द्वन्द्वकालीन घटनाका पीडितहरसँग गरिएको सहमति कार्यान्वयन नहुनु र कयौंपटक डा.गोविन्द केसीले अनसन गर्नुले सरकारको बिगत बुझ्न सकिन्छ । अत: सरकारले तत्कालीन समस्या हल गर्न असंभव प्रतिबद्धता जनाउने, तर कार्यान्वयन नगर्ने जस्ता गैरजिम्मेवारपन त्याग्न आवश्यक छ ।

## तपाईको राशिफल

मेष : शत्रु सक्रिय हुनेछन् । बाटो हिँड्दा सावधानी राख्नुपर्छ ।
वृष : नयाँ सम्पर्क बढ्नेछ । यशमा वृद्धि हुनेछ ।
मिथुन : राजनैतिक कार्य सफल हुनेछन् । वाणी संयम राख्नुपर्छ ।
कर्कट : अर्काको विवादमा पर्नु हुँदैन । व्यापारमा वृद्धि हुनेछ ।
सिंह : आध्यात्मिक यात्रा हुने योग छ । भूमि सम्बन्धी कार्यमा लाभ हुनेछ ।
कन्या : स्वास्थ्य लाभ र दिदी बहिनीको राम्रो सहयोग प्राप्त हुनेछ ।
तुला : शिक्षामा प्रगति हुनेछ । वाहन सावधानी राख्नुहोला ।
वृश्चिक : आफ्ना इष्टमित्रहरुसँग भेटघाट हुनेछ । धैर्यमा वृद्धि हुनेछ ।
धनु : शुभ समाचार प्राप्त हुनेछ । धन वृद्धि हुनेछ ।
मकर : वाणी संयम राख्नुहोला । नोक्सान हुने योग छ ।
कुम्भ : दिन शुभ रहनेछ । आकस्मिक धनलाभको योग छ ।
मीन : अनावश्यक खर्चको योग छ । तथापी, पारिवारिक सहयोग प्राप्त हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

शरतसिंह भण्डारी लामो समयदेखि सांसद र विभिन्न मन्त्रालयको जिम्मेवारी पूरा गर्दै आएका एक कुशल राजनीतिज्ञका रूपमा परिचित छन् । वि.सं. २०३२ मा नेपाल विद्यार्थी संघबाट राजनीतिमा प्रवेश गरेका उनी २०३८ मा सुधारिएको पञ्चायत व्यवस्थामा भएको प्रत्यक्ष निर्वाचनबाट निर्वाचित बने भने त्यसयता पटक-पटक चुनाव जित्दै मन्त्री हुँदै आएका छन् । वि.सं. २०४५ मा पहिलो पटक सहायकमन्त्री बनेका उनले हालसम्म झण्डै डेढ दर्जन पटक मन्त्रीको जिम्मेवारी पूरा गरिसकेका छन् । महोत्तरीबाट-२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता भण्डारी पछिल्लोपटक गत चैत १७ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बनेका हुन् ।

संविधानमा श्रमसम्बन्धी हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएका सन्दर्भमा स्वदेशमा रोजगारीको पर्याप्त अवसर उपलब्ध गराई उनीहरुको ज्ञान, सीप र ऊर्जा देश विकासमा लगाउनु सरकारको मुख्य दायित्व हुन आउँछ । स्वदेशमा रोजगारीको पर्याप्त अवसर नभएसम्म रोजगारीको महत्वपूर्ण माध्यमका रूपमा रहेको वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाई विदेशमा जाने कामदारको हक, अधिकार, सुविधा र असल श्रम सम्बन्ध सुनिश्चित गर्न सरकारले जोड दिएको पाइन्छ । राज्यको बहुआयामिक विकासका आधारका रूपमा रहेका श्रमजीवी वर्गको हक, हित र अधिकारको सुनिश्चितता नभएसम्म देशमा विकास र रूपान्तरण सम्भव नहुने भएकाले वर्तमान सरकार यसतर्फ केनि  त भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री भण्डारी बताउँछन् । प्रस्तुत छ, विश्व मजदुर दिवसको यस अवसरमा मन्त्री भण्डारीसँग नयाँ श्रम बजारको खोजी, मर्यादित रोजगार र श्रमिकको हितलाई प्रत्याभूतिलगायतका विषयमा राससका **कृष्ण अधिकारी र अशोक घिमिरे**ले गरेको कुराकानीको सम्पादित अंश :

# ‘श्रम बजारअनुसार श्रमिकको ब्राण्डिङ गरिनेछ’



*राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा आवश्यकताअनुसारको श्रमिकको ‘ब्राण्डिङ’ गर्नुपर्छ । नेपालीको आफ्नो मौलिक पहिचान, संस्कृति, संस्कार र पहिचान छ । त्यो अन्तर्राष्ट्रिरूपमा नै लोकप्रिय छ । अन्तर्राष्ट्रिय बजारमा नेपाली श्रमजीविको मर्यादा र साखलाई जोगाउने हिसाबले ब्राण्डिङ गर्ने कुरा गरेको छौं ।*

**शरतसिंह भण्डारी**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री**

**तपाईंले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको एक महिना भयो, मन्त्रालयको प्राथमिकता के रहेका छन् ?**

मुलुकको संविधानले श्रमसम्बन्धी व्यवस्थालाई तीन क्षेत्रमा केन्द्रित गरेको छ । श्रमको मर्यादा, सुरक्षित श्रम र रोजगारीको हक सुरक्षित गर्दै मर्यादित रोजगारलाई अगाडि बढाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारलाई सुरक्षित उपाय अवलम्बन गर्ने नीति बनाउने र कार्यान्वयन गर्ने विषयलाई हामीले ध्यान दिएका छौ । विशेषगरी नेपालको आर्थिक गतिविधिमा धेरै ठूलो योगदान वैदेशिक रोजगारीले गरेको छ । विप्रेषणले मुलुकको समृद्धिमा ठूलो योगदान गरेको छ, यो क्षेत्रलाई व्यवस्थित र मर्यादित गरेर लैजानुपर्छ । वैदेशिक रोजगारीबाट रकम आर्जन गर्ने मात्र होइन, यसबाट आर्जन भएको सीप, ज्ञान र प्रविधिलाई ‘ट्रान्सफर’ गरी मुलुकमा पुँजी प्रवाह गर्ने र त्यसका आधारमा मुलुकको विकास गर्नुपर्छ । विदेशका अनुभव र सफल प्रयोगलाई यहाँ ल्याएर नेपाललाई समष्टिगतरूपमा विकास गर्नुपर्छ । कृषि, पर्यटन, प्रविधिलगायत हरेक क्षेत्रमा त्यो सीप, ज्ञान र अनुभव भित्र्याएर धेरै काम गर्न सकिने अवसर छ । त्यो अवसरलाई सही ढङ्गले विष्लेषण र पहिचान गरेर नीतिगत हिसाबले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सुधार गर्दै अगाडि बढ्नुपर्छ ।

**वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउन मन्त्रालयले के गरिरहेको छ ?**

वैदेशिक रोजगारीमा विभिन्न खालका नकारात्मक विषय आइरहेका छन् । नकारात्मक अभ्यास भइरहेका छन्, त्यो विषयलाई निराकरण गर्न सम्बन्धित सरोकारवालासँग बसेर छलफल गरेका छौँ । यस क्षेत्रमा रहेका विकृति, विसङ्गतिलाई कसरी हटाउन सकिन्छ भनेर काम सुरु गरेका छौँ । वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन विभिन्न कार्यक्रम अगाडि सारेका छौँ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रोजगार पहिचान गरेर श्रमिकलाई उचित सीप र प्रविधियुक्त पारेर श्रम बजारसँग मेल खाने गरी तय गर्नुपर्नेछ । अन्तर्राष्ट्रिय रोजगार बजारलाई पहिचान गर्ने, नयाँ-नयाँ गन्तव्यको खोजी गर्ने र त्यसका लागि सीपयुक्त जनशक्ति तयार गरेर विदेश पठाउनुपर्छ । विदेशमा सिकेको सीप, ज्ञान र प्रविधिलाई स्वदेशको विकासमा लगाउने गरी काम गर्नुपर्छ । स्वदेश फर्किएको श्रमिकलाई पुन:एकीकरण गरी समाजमा पुन:स्थापना गर्नुपर्छ । उनीहरुलाई स्वरोजगार र मुलुकको समष्टिगत विकासका लागि प्रयोग कसरी गर्ने गरी हामीले अगाडि बढाएका छौँ । निजी क्षेत्रसँग साझेदारी गरेर रोजगारका अवसर सिर्जना गर्न सक्छौँ । कृषिमा नयाँ आधुनिक प्रविधिको प्रयोग गरेर उत्पादन वृद्धि गर्न सक्छौँ ।

**श्रमसँग सम्बन्धित सेवाको विकेन्द्रीकरण र स्थानीयकरण गर्ने कुरा कहाँ पुग्यो ?**

